# विश्वासको अंगीकार

संशोधित मसिही मण्डलीको सिद्धान्तको पहिलो मानक भनेको विश्वासको स्वीकार हो । साधारणतया **Belgic confession]**भनिन्छ । किनभने मुख्य कुरा चाहिं दक्षिणी नेदरलैण्डमा भएको थियो जसलाई अहिले वेल्जियमको नामले चिन्दछौ। यसका मुख्य लेखक (**Guido de Bress]** हुनुहुनथ्यो जो नेदरल्यान्डमा संसोधित (**Reformed]** मण्डलीको प्रचारक हुनुहुन्थ्यो। जो १५६७ मा विश्वासको खातिर शहिद हुनुभयो । सोहौं सताब्दीमा यस देशका मण्डलीहरुलाई रोमन क्याथोलिक मण्डलीहरुबाधेरै खेदो सतावट सहनुपरेको थियो । **Debress** ले १५६१ मा यस विशवासको स्वीकारलाईतयार पार्नुभएको थियो ।यो बताउनलाई कि संसोधित विश्वास चांहि कुनै विद्रोही होइन ।अनि १५६२ मा यसको एउटा प्रति राजा फिलिप द्दितीयलाई पठाइयो ।यद्दंपी उक्त सतावटबाट छुटकारा चांहि तत्काल प्राप्त भएन। अनि **Debress** अनि अन्य हजारौलाई आफनो विश्वासको खातिर आफनो जीवनलाई बलिदान गर्नु परयो। तर **Debress** ले जो सुरुवात गर्नु भयो त्यो जारीनै रह्यो। यसलाई नेदरल्याण्डमा मान्यता मिल्यो जसमा केहि परिवर्तन सहित १६१८ देखि १६१९ मा क्थलयम या मयचत ले यसलाई स्वीकार गरयो जसलाई सबै मण्डलीका सेवकहरुले मान्नु पर्ने निर्धारण गरियो।

## लेख १

## केवल एक मात्र परमेश्वर हुनुहुन्छ

हामि ह्रदयदेखिनै विश्वास र मुखले स्विकार गर्दछौं,कि केवल एकमात्र परमेश्वर असाधारण अनि एक मात्र आत्मिक अस्तित्व छ जसलाई हामी परमेश्वर भन्दछौं। अनि वहां अनन्त अपरम्पार (समझ्ने भ्याउन नसक्ने) अद्रिश्य,अपरिवर्तनिय ,असिमीत,सर्वशक्तिमान,सर्वज्ञानी ,न्यायी,असल र सफलताको बग्दै गरेको झरना हुनुहुन्छ।

## लेख २

## कसरी (कुन माध्यमबाट) परमेश्वरलाई जान्न सक्दछौं

हामी उहांलाई दुइ माधयमबाट जान्न सक्दछौं पहिलो संसारको रचना ,सुरक्षा अनि यसमा उहांको प्रभुत्व जो हाम्रो अघि खुला किताब जस्तै छ। जसमा सब प्राणी सानो वा ठुलो आफनो गुणहरुद्दारा हामीलाई परमेश्वरको अद्दश्य कुराहरु ,उहांको अनन्त सामर्थ्य अनि प्रभुत्वको ज्ञानलाईहामीमा प्रकट

गर्दछ ।जसरी प्रेरित पावल रोमी १:२० मा भन्नु हुन्छ, यो सबै कुराले मानिसलाई परमेश्वरको पर्याप्त ज्ञान दिदछ , कि तिनीहरु संग कुनै बाहाना नरहोस ।

दोश्रो उहांले आफुले आफैलाई पुर्णतया , ताकि हामी यस जीवनमा उहांको महिमा र आफनो उद्दारको लागि उहालाई जानौ उहांले आफनो पवित्र जीवनद्वारा हामीमा प्रकट गर्नु भएको छ ।

# लेख ३

# परमेरश्वरको लिखित बचन

हामी स्वीकार गर्दछौं कि परमेश्वरको वचन मानिसको इच्छा द्वारा पठाइएको होइन ,ना त उहांले भन्नु भयो तर मानिसले पवित्र आत्मा द्वारा प्रेरित भएर परमेश्वरको वचन बोले अनि त्यसपछि परमेश्वरको विशेष सुरक्षा जो हाम्रो अनि हाम्रो सुरक्षाको निम्ती अनि उद्दारको निम्ती हो । उहांले आफनो सेवक ,भविष्यवक्ता अनि प्रेरितहरुलाई आज्ञा दिनुभयो , ताकि उहांको प्रकट भएको वचनलाई लेखोस अनि उसले आफै आफनै औंलाले ब्यवस्थाको दुई भाग लेखे यसकारण हामी यस लेखहरुलाई पवित्र अनि सामर्थी वचन भन्दछौं ।

# लेख ४

# पवित्र वचनको प्रमाणित पुस्तकहरु

हामी विश्वास गर्दछौं कि पवित्र वचन दुई पुस्तकहरुमा निहित छन जसलाई पुरानो नियम र नयां नियम भनिन्छ । जो पुर्ण रुपले प्रमाणित छन जसको विरुद्दमा केहि पनि भन्न सकिदैन , परमेश्वरको मण्डलीले यसलाई पुर्ण रुपले मानयता दिदछ ।

पुरानो नियमको पुस्तकहरु यसप्रकार छन :

उत्पत्ती
प्रस्थान
लेवी
गन्ती
ब्यवस्था
यहोशु
न्यायकर्ता
रुथ
१ शमुएल
२ शमुएल
१ राजा
२ राजा
१ इतिहास
२ इतिहांस

२ इतिहांस
एज्रा
नहेम्याह
एस्तर
अययुब
भजनसंग्रह
हितोपदेश
उपदेशक
श्रेष्ठगीत
यशैया
यर्मिया
बिलाप
इजकिएल
दानिएल

होशे
योएल
आमोस,
ओबदिया
योना
मिका
नहुम
हबकुक
सपन्याह
हग्गै
जकरिया
मलाकी

नयानियमको पुस्तकहरु :
मत्ती,मर्कूस,लुका,युहन्ना,प्रेरित,रोमी,१कोरिन्थी,२कोरिन्थी,गलाती,एफिसी,कलस्सी,१थेस्लोनिकी,२थेस्लोनिकी ,१तिमोथी,२तिमोथी,तीतस,फिलेमोन,हिब्रू,याकुब,१पत्रुस,२पत्रुस,१युहन्ना,२युहन्ना,३युहन्ना,यहुदा,प्रकाश।

# लेख ५

# पवित्र धर्मशास्त्रले कहाबाट आपनो महिमा अनि अधिकार प्राप्त गर्दछ

हामी केवल यहि पुस्तकहरुलाई आपनो विश्वासको आधार ,निश्चयता अनि कार्यहरुको लागि पवित्र अनि प्रमाणित मान्दछौ। अनि सवै कुराहरुमा जो यसमा निीहत छन,अनि यसमा निसंकोच विश्वास गर्दछौ। यसकारण मात्र होइन कि मण्डलीले यसलाई स्वीकार गर्दछ,तर यसकारण कि पवित्र आत्माले हाम्रो ह्दयमा गवाही दिनु हुन्छ,कि यो परमेश्वरबाट हो। अनि यसकारण पनि किनकी यो आफैमा प्रमाणित छ । अनि एक अज्ञानी अन्धाले पनि यसलाई देखेर बुझ्न सक्दछ। कि जे यहां भनिएको छ त्यो पुरा भएको छ ।

# लेख ६

# धर्मको प्रमाणित पुस्तकहरु **Canonial** र **Apocryphal** पुस्तक बीच फरक

हामी पवित्र पुस्तकलाई apocryphal पुस्तकहरुबाट अलग गर्दछौं, अथवा esdrass को तेस्रो र

चौथो पुस्तक, **tobit**, Judith, wisdom, Joses, Siruch,Buruch को पुस्तकहरु,एस्तरको पुस्तकमा जोडिएको भाग,Furnance मा तीन बालकको गीत, Susannah को इतिहास,Bell र मनश्शेको प्रार्थना अनि Macca becs को दुइ पुस्तकहरु पवित्र पुस्तकहरुबाट अलग छ ,जुन कुराहरुमा यी पुस्तकहरु सहमत हुदछ ।ती पढ्न र शिक्षा लिन सकिन्छ,तर यी शिक्षा लिन सकिन्छ ।तर यी पुस्तकहरुमा यस्तो सामर्थ्य र प्रभाव छैन कि हामी यसलाई विश्वास विश्वास र मसिही धर्ममा स्थान दिन सकोस् । यसलाई अन्य दोश्रो पुस्तकहरु जो पवित्र पुस्तक हो । तिनीहरु भन्दा कम महत्व दिएर नै प्रयोग गरौ ।

# लेख ७

## पवित्र धर्मशास्त्रको पर्याप्तता (पुर्णता) नै विश्वासको एकमात्र नियम हो

हामी विश्वास गर्दछौ , पवित्र धर्मशास्त्रमा परमेश्वरको इच्छा पुर्णतया निहित छ । अनि उद्दारको निम्ती मानवलाई जे पनि विश्वास गर्नु पर्दछ पुर्णतया यसमा सिकाइएको छ । परमेश्वरको आराधनाको निम्ती जे आवश्यक छ ,सो यसमा अधिकार सहित लेखिएको छ । यसकारण पवित्र वचन बाहेक अन्य शिक्षा दिनु अनुचित छ । चाहे त्यो प्ररित द्वारा होस् अथवा कोहि स्वर्गदुत होस् ,जसरी पावलले भन्दछन् । जसरी परमेश्वरको वचनमा केहि जोड्न र घटाउन मनाही छ । यसबाट यो कुरा प्रमाणित हुन्छ कि यसको सिद्दान्त हरप्रकारले परिपुर्ण र सिद्द छ ।

# लेख ८

## परमेश्वर गुणमा एक हुनुहुन्छ,ता पनि तीन ब्यक्तित्वमा फरक हुनुहुन्छ ।

यस सच्चाइ र परमेश्वरको वचन अनुसार हामी केवल एक परमेश्वरमा विश्वास गर्दछौ, जो एक मात्र हुनुहुन्छ । सच्चाई , सत्य अनि आफनो अवर्णिय गुणहरुको अनन्तकालिन विविधतामा तिन ब्यक्ति हुनुहुन्छ । जो पिता , पुत्र, पवित्रात्मा हुनुहुन्छ । पिता सबै दृश्य अनि अदृश्य थोकहरुको कारण सुरुवात अथवा उत्पत्ती हुनुहुन्छ । पुत्र वचन , ज्ञान अनि पिताको छवि हो । पवित्रात्मा सामर्थ्य र शक्ति हुनुहुन्छ । जो पिता र पुत्रद्दारा अग्रसर बन्नु हुन्छ । ता पनि परमेश्वर यी विविधता बाट तीनमा विभाजित हुनुहुन्न , किनभने वचनले हामीलाइ सिकाउदछ , कि पिता , पुत्र , पवित्रात्मा सबैमा परमेश्वरत्व छ । उहांहरुको गुणमा विविधता छ जुन यसप्रकारको छ कि यी तीन ब्यक्ति एक मात्र परमेश्वर हुनुहुन्छ । यसप्रकारले यो प्रकटै छ कि पिता चाहि पुत्र हुनुहुन्न नता पुत्र पिता हुनुहुन्छ । यसैप्रकारले पवित्रात्मा नात पिता हुनुहुन्छ , ना त पुत्र । ता पनि यी तिन अलग अलग होइन ,नात बिभाजित न मिश्रीतनै । पिताले शरिर धारण गर्नु भएको होइन ना त पवित्र आत्मालेनै तर पुत्रले शरिर धारण गर्नुभयो ।पिता कहिले पनि बिना पुत्र वा विना पबित्रात्मा हुनुहुन्न ,तीनै जना एक साथ महत्वपुर्ण अनि अनन्तकालिन हुनुहुन्छ । ना त कोही पाहिलो छ ना त कोही अन्तिम । तीनै जना सच्चाई ,सामर्थ्य अनि भलाई र करुणामा एक हुनुहुन्छ ।

# लेख ९

# एक परमेश्वरको ब्यक्तित्वको त्रिएकताको बारेमा प्रमाण

बाइबल (पबित्र वचन)को गवाही अनि यसको कार्यहरुबाट हामी यो जान्दछौ अनि यो हामी स्वयम्मा महशुस गर्दछौ । पवित्र वचनको गवाहीले हामीलाई सिकाउदछ कि हामीले पवित्र त्रिएकतामा विश्वास राखौ । जो पुरानो नियमको कैयौ स्थानमा पनि लेखिएको छ । जसको सूची बनाइरहनु आवश्यक छैन । ताकि ती बुझ्न र न्यायोचित ठहराउन अलग गर्न परोस् ।उत्पत्ती १:२६,२७ मा परमेश्वर भन्नुहुन्छ "हामी मानिसलाई आफनै स्वरुप र प्रतिरुपमा बनाऔ "परमश्वरले तिनलाई आफनो समानतामा रच्नुभयो । नर र नारी गरि उहांले मनुष्यको सृष्टि गर्नुभयो ।         उत्पत्ती ३:२२ मनुश्य हामी मध्ये् एक समान भएको छ " ।

लुका रचित सुसमाचारमा गाब्रिएल स्वर्गदुत हाम्रे प्रभूकी आमा मरियमसीत भन्नुहुन्छ पबित्रात्मा तिमीमा आउनुहुनेछ अनि परमप्रधानको सामर्थको छाया तिमीमा पर्नेछ यसकारण पबित्र जो आउनुहुनेछ उहा परमेश्वरको पुत्र कहलाइनुहुनेछ । यसैप्रकारले लेखिएको छ प्रभुयेशु खिष्टको अनुग्रह ,परमेश्वर पिताको प्रेम ,पवित्र आत्माको संगति सधै तिमीहरुको साथमा होस, स्वर्गमा त्यसको वर्णन छ । पिता वचन र पवित्रात्मा अनि यी तिनै एकै हुनुहुन्छ ।

यी सबै ठाउमा हामी यी कूरा सिक्छौ कि एकमा तीन एकै इश्वरिय गुणमा हुनुहुन्छ ।यद्यपी यी सबै शिक्षा मानिसहरुको समझ भन्दा पर छ । तर पनि हामी परमेश्वरको वचनको माध्यमले यसमा विश्वास गर्दछौं । यद्यपी यसको पुर्ण ज्ञान र लाभ चांहि स्वर्गमा प्राप्त गर्नेछौं ।

यसको अतिरिक्त यी तीन ब्यक्तिहरुको हामी प्रति कार्य र पदलाई पनि बुझनु आवश्यक छ । पीता आफनो सामर्थमा सृष्टिकर्ता , पुत्र आफनो रगतद्वारा छुटकारा दिनेवाला वा उद्दारकर्ता हुनुहुन्छ र पवित्रात्मा हाम्रो हृदयमा वास गरेर हामीलाई शुद्द गर्नेवाला हुनुहुन्छ ।

पवित्र त्रिएकताको शिक्षा संधै प्रेरितहरुको समय देखि लिएर आज सम्म पनि सांचो मण्डलीहरुद्दारा गलत शिक्षाहरु , यहूदी, इस्लामी, अनि झुटो शिक्षा इत्यादीको विरुद्द पुर्ण निश्चयताको साथ मान्दै र प्रयोग गर्दै आइरहेको छ । कटटर सिद्दान्त मान्नेहरुले यसलाई मानेका छन अनि झुटो शिक्षालाई गलत ठहराएकाछन । यसर्त यस समयमा हामी स्वइच्छाले

तिन मतलाई मान्दछौ , जो हुन प्रेरितको बिश्वास , **nicea** र **Athanasious** को सिद्दान्त त्यस्तै प्रकारले जसरी प्राचिन पीताहरुले स्वीकार गरेका थिए ।

# लेख १०

## येशूमसिह सांचो अनि अनन्तकालिन परमेरश्वर हुनुहुन्छ

हामी विश्वास गर्दछौ कि आफनो ईश्वरिय स्वभाव अनुसार येशु मसिह परमेश्वरको अनन्तकाल देखिनै एक मात्र प्रिय पुत्र हुनुहुन्छ । जो बनाइनू भएको होइन, तर पिता सितै अनन्तकाल देखिनै उहांको छवि र उहांको महिमाको तेज ,सबैकुरामा पिताकै समान रहेको छ । उहां परमेश्वरको पुत्र त्यो समय देखि मात्र होइन जहिले उहांले हाम्रो स्वरुप धारण गर्नुभयो ,तर उहां अनन्तकाल देखिनै हुनुहुन्छ । जसरी यहि गवाहीले सिकाउंदछ जब उहांको तुलना हुदछ मोसा भन्दछन परमेश्वरले जगतको सृस्टि गर्नुभयो अनि युहन्ना भन्दछन कि सबै थोक वचनद्दारा बनिए जसलाई उहां परमेश्वर भन्नुहुन्छ । प्ररित भन्दछकि परमेश्वरले जगतलाई आफनो पुत्रद्दारा रचनुभयो , यसै प्रकारले परमेरश्वरले सबै थोकको सृस्टि येशुखिष्टद्दारा गर्नुभयो । यसकारण यो बुझ्नु आवश्यक छ कि जसलाई परमेश्वर भनियो

वचन , पुत्र र येशु मसिह असतित्वमा हुनुहुन्थ्यो । जब उहांद्दारा जगतको सृष्टि गर्नुभयो । यसकारण भविष्यवक्ता पनि भन्दछ उहांको अघि जानु आदी देखि अनन्तकालको हो । अनि प्रेरित भन्दछ कि न त उहांको सुरुवात छ न त अन्तनै , उहां यसैकारण सांचो अनि अनन्तकालिन अनि सर्बशक्तिमान परमेश्वर हुनुहुन्छ । जसको हामी आराधना र सेवा गर्दछौ ।

# लेख ११

## पवित्रात्मा सांचो अनि अनन्तकालिन परमेश्वर हुनुहुन्छ

हामी विश्वास अनि स्वीकार गर्दछौं कि पवित्रात्मा अनन्तकाल देखीनै पिता र पुत्रद्दारा अग्रसर बन्नु हुन्छ ।यसकारण उहां न त बनाइनु भएको हो नत रचिएको न त एकलौटी नै तर दुबैबाट अग्रसर (अघि बढने) हुनुहुन्छ । जो पवित्र त्रिएकमा तेश्रो ब्यक्ति हुनुहुन्छ । पिता र पुत्रको साथमा महिमा ,गुण अनि महानतामा एक समान हुनुहुन्छ , यसकारण जसरी वचनले सिकाउंदछ उहां सांचो र अनन्तकालिन परमेश्वर हुनुहुन्छ ।

# लेख १२

## सबै थोकको सृष्टि, विशेषगरि स्वर्गदुतहरुको

हामी विश्वास गर्दछौं कि पिताले वचनद्दारा जो उहाको पुत्र हुनुहुन्छ , जब उहांलाई उचित लाग्यो , आकाश , पृथ्वी अनि सबै प्राणीहरुको सृष्टि गर्नु भयो । हरेक एक प्राणीलाई अस्तित्व ,आकार , रुप अनि पद दिनुभयो ताकि तिनीहरुले आफनो सृष्टिकर्ताको सेवा गरुन । ती सबै आफनो अनन्त सामर्थ्य र रेखदेखमा मानवको सेवाको कामको लागि तिनलाई स्थिरता अनि शासन दिदछ कि मानिसले आफनो परमेश्वरको सेवा गरोस ।

उहांले स्वर्गदुतको सृष्टि गर्नुभयो , कि उहांको सन्देश बाहक बन्न सकोस र उहांले चुन्नु भएकोहरुको सेवा गरोस । जसबाट केहि चांहि त्यो सर्बश्रेष्ठताबाट खसेर

अनन्तकालको नरकिय यातनामा गए । अनि अन्य जसमा परमेश्वरको अनुग्रह रहिरह्यो तिनीहरु पहिलेकै स्थितीमा रहिरह्यो शैतान र नराम्रो आत्मा यति धेरै गिरयो कि त्यो परमेश्वर साथै हरेक एक असल थोकको भयो अनि खुनि समान आफनो पुर्ण सार्मथले यो ध्यानमा रहन्छ कि मण्डली र त्यसको सदस्यलाई नास नास गरौं । अनि आफनो खराबी , छल र धोकाबाट कसरी सबैलाई नास गरौ । अनि यसप्रकारले आफनो अधार्मिकता अनि खराबीले अनन्त यातनामा आफैलाई अर्पण गरेको छ । जहां तिनिहरुको लागि प्रतिदिन असहयनिय पिडा छ ।

यसकारण हामी सदुकीहरुको घृणित शिक्षालाई घृणा गर्दछौं, जसले आत्मा र दुतहरुको

अस्विकार गर्दछ अनि **Maniches** को पनि जसले मान्दछ कि शैतान आफै उत्पन्न भएको हो अनि तिनीहरु आफनो स्वभावलेनै भ्रष्ट नभईकननै खराब अनि अधर्मी छ ।

## लेख १३

## परमेश्वरको बुद्दिमता (कृपा दृष्टि) अनि उहांको सबै थोकमा शासन

हामी विश्वास गर्दछौं कि उहां भलो परमेश्वरलेनै सबै थोकको सृष्टि गरिसकेपछि उसलाई भाग्य वा त्यसको साहारामा छोडिदिनु भएन ,तर उहां आफनो पवित्र ईच्छा अनुसार सबैमा शासन र प्रभुत्व गर्दछ । अनि यस संसारमा उहांको इच्छा विना केहि पनि हुदैन , तर पनि परमेश्वर पापको कर्ता हुनुहुन्न । न त यसको निम्ती उहांलाई दोषनै लगाउन सकिन्छ । उहाको सामर्थ्य र सत्यता यति महान अनि समझभन्दा बाहिर छ कि उहां आफनो कार्यलाई अति उत्तम अनि सहि प्रकारले ब्यवस्थित गर्नु हुन्छ । तर पनि शैतान अनि मानिसहरुले गलत काम गर्दछन् । अनि उहांले जे जति गर्नु हुन्छ त्यो मानिसको समझ भन्दा बाहिर छ । हामी आफनो योग्यताभन्दा बढेर उहांको विषयमा जान्न र स्विकार गर्न सक्दैनौ । तर यस सिमालाई पार नगरि किन बडो दिनता , आदरले परमेरश्वरको धर्मि न्याय जो हामीबाट लुकेको छ तर हामी प्रशंसा गर्छौं अनि हामी यो कुरामा सन्तुष्ट हुदछौ कि हामी परमेश्वरको चेला हौं अनि त्यहि कुरा सिक्दछौ जो उहांले आफनो वचनमा प्रकट गर्नुभएको छ । यो सिद्दान्तले हामीमा असंख्य कौतुहल्ता उत्पन्न गराउदछ । किनकी हामी जान्दछौं कि हाम्रो जिवनमा केहि पनि अचानकै हुदैन तर हरेक कुरा हाम्रो अति अनुग्रहकारी स्वर्गिय पिता द्दारा निर्देशित हुंदछ । जो हामी माथी पिता समान दृष्टि राख्नु हुन्छ । ताकि हाम्रो शिरको एउटा कपाल (जो सबै गनिएको छ ) न त एउटा सानो चरा पनि उहांको ईच्छा बिना जमिनमा हाम्रो पिताको ईच्छा विरुद्द खस्दछ । जसमा हामी पुर्ण भरोषा राख्दछौं हामी यो कुरालाई बुझदछौ कि उहां शैतान हाम्रो सत्रुलाई आफनो नियन्त्रणमा राख्नु हुन्छ , कि विना उहांको अनुमति तिनीहरुले हाम्रो नोक्सान गर्न सक्दैनन् ।

अनि यसकारण हामी **Epicureans** (गलत शिक्षक) को घृणित गल्तीलाई अस्विकार गर्दछौं ,जसले सिकाउदछ कि परमेश्वरको कुनै लिनु दिनु छैन उहांले सबै थोक हालात (भाग्य ) मा छोडिदिनु भएको छ ।

# लेख १४

## मानिसको सृष्टि र पतन, अनि जो वास्तवमा असल छ त्यो गर्नमा उसको असमर्थता

हामी विश्वास गर्दछौं, कि परमेश्वरले मानिसलाई पृथ्वीको माटो वाट सृष्टि गर्नुभयो अनि आफनो समानता भलाई , धार्मिकता अनि पवित्रताको एकरुपतामा बनाउनुभयो अनि यो योग्यता दिनुभयो ताकि सबै कुराहरुमा परमेश्वरको ईच्छामा सहमत बन्न सकोस् । तर उसले आफनो समान न त आफनो श्रेष्ठतालाई जान्यो वरु आफनो ईच्छाले शैतानको कुरा मानेर आफुले आफैलाई पाप र परिणाम स्वरुप मृत्यु र पापको अधिनमा पारयो । जीवनको लागि आशा जो उसले पाएको थियो उसले त्यसलाई तोड्यो अनि पाप गरेर परमेश्वर जो उसको जिवन थियो उहांबाट आफैलाई अलग गरायो ल,आफनो पुर्ण स्वभावलाई भ्रष्ट गरेर उसले आफुमाथी शारिरीक अनि आतमिक

मृत्यू ल्यायो अनि दुष्ट भएर आफनो सबै मार्गमा दुषित र भ्रष्ट भयो ।उसले सबै उत्तम दानहरुलाई गुमायो ,जो उसले परमेश्वरबाट पाएको थियो । केवल एउटा सानो हिस्सा उ संग बच्यो जो उसलाई केहि बाहाना नदिनको लागि पर्याप्त थियो । जो प्रकाश हामीमा छ त्यो अन्धकारमा बद्लियो ,जसरी बाईबलले बताउदछ प्रकाश त अन्धकारमा चम्किन्छ तर अन्धकारले उहालाई चिनेन , यहां सन्त यहुन्ना मानिसलाई अन्धकार भन्नुहुन्छ ।

यसकारण ती सबै जो मानिसको स्वतन्त्र ईच्छाको विरोधमा सिकाईन्छ तयसलाई हामी अस्विकार गर्दछौं ।जवकि मानिस पापको दास हो अनि स्वर्गबाट दिईएको भन्दा बढि केहि पनि पाउन सक्दैन । कसले यसकुरामा घमण्ड गर्न सक्दछ कि उसले स्वयम् राम्रो गर्न सक्दछल । प्रभु भन्नुहुन्छ कोहि मानिस म कहां आउन सक्दैन तब सम्म जब सम्म मेरे पिता जसले मलाई पठाउनु भयो उहाले नै नजिक ल्याउनु हुन्न । कसले आफनो ईच्छामा महिमा पाउदछ ,कसले बुझ्न सक्दछ कि शारिरीक मन (बुद्दि) परमेश्वरको विरुद्द दुश्मनी राख्दछ, कसले आफनो ज्ञानको कुरा गर्न सक्छ , जवकि स्वभाविक मानिसले परमेश्वरको आत्माको कुराहरु स्विकार गर्दैनन् । छोटकरीमा कसले सुझाव दिने साहस गर्दछ जबकि हामी जान्दछौं कि हामी आफैमा पुर्ण छैनौ । तर हाम्रो पुर्णता परमेश्वरमा छ । अनि यसैकारण प्रेरित भन्दछन् कि उहांलाई उहांलाई दृढता र निश्चयताले मान्नु पर्दछ ।परमेश्वर हामीमा ईचछा र काम दुबै आफनो भलो इच्छाको लागि गर्नुहुन्छ । कुनै यस्तो शमझ र ईच्छा छैन जो इश्वरिय समझ र इच्छा को अनुकुल होस् , त्यसको बाहेक जो परमेश्वरले मानिसमा निर्माण गर्नुभएको छ ।जसरी उहांले हामीलाई भन्नु हुन्छ र सिकाउनुहुन्छ कि म बाट अलग भएर तिमीहरु केहि गर्न सक्दैनौं ।

## लेख १५

# मौलिक पाप

हामी विश्वास गर्दछौं कि आदमको अनाज्ञाकारिताले मौलिक पाप सबै मानिसमा फैलियो , जो सम्पुर्ण स्वभावमा दुषित र भ्रष्ट हुनु हो ,अनि यो बंशाणुगत रोग हो ।जसले आमाको गर्भमा शिसु पनि प्रभावित हुदछ । जसले मानिसमा सबै किसिमको पापलाई जन्म दिंदछ । यसकारण यो परमेश्वरको दृष्टिमा घृणित र खराब हो र यो पर्याप्त छ कि सबै मानव जातिलाई दोषी ठहराउन सकियोस् । यो पाप बप्तिसमा द्वारा पुर्ण रुफले समाप्त अथवा अलग हुदैन किनकी पाप सधैं घृणित थोकले बढीरहन्छ ,जसरी पानी पर्दा खेरी हुदछ , परमेश्वरको सन्तान यसबाट प्रभावित हुन्छ ता कि तिनीहरु दोषि ठहरियोस् तर परमेश्वरको करुणा अनि अनुग्रहद्दारा तिनीहरुलाई क्षमा प्राप्त हुदछ । यसकारण होइन ताकि तिनीहरु पापमा परिरहुन् तर यसहेतुले कि विश्वासी भ्रष्टताबाट अलग हुन सकोस् अनि मृत्युमय शरिरबाट छुट्‌काराको कामना

गरोस् ,यसकारण हामी **Pelagians** को गलत शिक्षालाई अस्विकार गर्दछौ, जसले भन्दछ कि पाप केवल अनुकरण गरेर मात्र हुदछ ।

## लेख १६

# अनन्तकालिन् चुनाव

हामी विश्वास गर्दछौं आदमको सबै वंशज हाम्रो पहिले माता पिताको पाप बाट नरकिय यातना अनि विनासमा खसि सकेका छौं, तब वरमेश्वरले आफैलाई जस्तो उहां हुनुहुन्थ्यो प्रकट गर्नु भयो । दयालु र न्यायी , दयालु किनभने उहां आफनो अनन्त अनि अपरिवर्तनिय इच्छाद्दारा आफनो भलाइमा उसको कुनै कुराहरुमा ध्यान नलगाईकन येशु खिष्टमा चुन्नुभएको छ , उसलाई यो नरकिय यातनाबाट छुटाउनुको साथै बचाएर राख्दछ । न्यायी अरुलाई यातनाको स्थितीमा छोडेर जहां उहां स्वयम जानुभयो ।

## लेख १७

# पतित मनुष्यलाई पुन सम्हाल्नु

हामी विश्वास गर्दछौं हाम्रा अनुग्रहकारी परमेश्वर आफनो प्रशंसनिय बुद्दि अनि भलाईमा यसकुरालाई बुझेर कि मानिसले आफैलाई शारिरीक अनि आत्मिक मृत्युको

अधिनमा पार्नुको साथै आफैलाई पुर्णता दुखमा पुर्‍याएको छ ।उहां (परमेश्वर ) तिनीहरुलाई खोज्नमा खुशि हुनुभयो अनि जब मानिस डराउंदै उसको परिस्थितीबाट भाग्यो ,तब उहांले बाचा गर्नु भयो कि उहांले आफनो पुत्रलाई (जसले स्त्रीबाट जन्म पाउनेछ) सर्पको सिर कुल्चन र मानिसलाई आशिष दिनको लागि पठाउनु हुनेछ ।

## लेख १८

## येशु मसिहको अवतार

हामी स्विकार गर्दछौं कि परमेश्वरले पवित्र भविष्यवक्ताहरुको मुखद्वारा जो प्रतिज्ञा हाम्रो पुर्खाहरुसित गर्नुभएको थियो त्यसलाई पुरा गर्नुभयो ,उहांले उपयुक्र(निर्धारित ) समयमा आफनो एकलौटे , अनन्तकालिन् पुत्रलाई संसारमा पठाउनु भयो । जसले सेवकको रुप धारण गर्नु भयो अनि मानिसको समान बन्नुभयो ,पापको अतिरिक्त सांचो मनुष्यको सबै कमजोरीहरुलाई ग्रहण गर्नुभयो । पुरुष विनानै पवित्रात्माको सामर्थ्य द्वारा कुमारी मरियममा गर्भधारण हुनुभयो ,अनि शरिरको रुपमा केवल मानिसको रुपमात्र होईन तर मनुष्य आत्मालाई पनि धारण गर्नु भयो ,ताकि उहां साचो मनुष्य बन्न सकोस् ।यसकारण जबकि शरिर र आत्मा दुबैको विनास भएको थियो यसकारण यो आवश्यक थियो कि दुबैलाई बचाउन सकियोस् (उद्दार गर्न सकियोस्)

यसकारण हामी स्विकार गर्दछौं (**Anabaptist_** को गलत शिक्षाले येशुको मानव शरिरको प्राप्ती उहांको माताबाट भएको हो भनि ईन्कार गर्दछ ) येशु बालकको रगत र मासुमा सहभागि हुनुभयो ताकि उहां दाउदको शरिरको फल हो ,जो दाउदको वंशमा शरिर अनुसार जन्मनुभयो ,जो मरियमको गर्वको फल हो ,दाउदको एक शाखा यिशैको जराको एउटा डाला हो, यहुदाको कुलबाट आउनुभएको हो ,शरिरको अनुसार यहुदीको वंश,अब्राहामको वंशको जवकि उहांले अब्राहामको वंशलाई अपनाउनु भयो ,सबै कुरामा पापलाई छोडी आफनो भाईहरु समान बन्नु भयो यसर्थ उहां सत्यतामा हाम्रो ईम्मानुएल हुनुहुन्छ अर्थात परमेश्वर हामीहरु संग ।

## लेख १९

## येशु ख्रिष्टको ब्यक्तित्वमा भएको दुई स्वभावको एकता र भिन्नता

यस धारणा बाट हामी विश्वास गर्दछौं कि पुत्रको ब्यक्तित्व अविभाजित रितीले मानव स्वभावसित एकसाथ संगठित र जोडिएको छ । यसकारण परमेश्वरको ना त दुई छोरा

ना त दुई ब्यक्तित्वनै तर दुई स्वभाव एक ब्यक्तित्वमा संगठित हुनुहुन्छ । तर पनि हरेक स्वभावको आफनै विशेषता छ । जसरी ईश्वरिय स्वभाव सधैं सृष्टि गरिएको होईन ,र अनन्तकालिन छ अनि स्वर्ग र पृथ्वीमा उहांको छायां रहिरहन्छ । त्यसै प्रकारले मानव स्वभावले आफनो विशेषतालाई स्थीर राख्यो ,अनि एक सृष्टिनै रह्यो ,जसको उत्पत्ती भयो, जसको स्वभाव गुण सिमित छ अनि शरिरको सबै गुण त्यसमा छ , तर आफनो पुनरुत्थानले आफनो शरिरलाई अविनाशी बनाउनु भयो । तर पनि उहांले मनुष्यको स्वभावको वास्तविकतालाई बदल्नुभएन अनि हाम्रो उद्दार र पुनरुत्थान उहांको शरिरको सच्चाईमा निर्भर हुदछ ।

तर यी दुई स्वभावहरु यसप्रकारले एक ब्यक्तिमा एक भएको छ कि त्यो उसको मृत्युमा पनि विभाजित भएन ।यसकारण मर्ने समयमा जुन आत्मा उहांले पिताको हातमा सुम्पनुभयो त्यो सांचो थियो जो उहांको शरिरमा अलग भयो ,तर ईश्वरिय स्वभाव सधैं मानव स्वभावको साथमा एकै बनि रह्यो । तर पनि जव उहांको शरिर चिहानमा हुनुहुन्थ्यो तर पनि उहांको ईश्वरिय स्वभाव समाप्त भएन ,त्यसरीनै जसरी शैशवकालमा केहि समयको लागि स्पष्ट रितीले प्रकट भएको थिएन ,यसकारण हामी यो स्विकार गर्दछौं कि उहां पुर्ण परमेश्वर अनि पुर्ण मानिस हुनुहुन्छ । आफनो मृत्युलाई नास गर्ने सामर्थ्य द्वारा परमेश्वर र आफनो शरिरको कमजोरी अनुसार हाम्रो लागि मरेकोले पुर्ण मानिस हुनुहुन्छ ।

## लेख २०

## परमेश्वरले आफनो करुणा र न्याय येशुमा प्रकट गर्नु भएको छ

हामी विश्वास गर्दछौं पुर्ण करुणामय र न्यायी परमेश्वरले आफनो पुत्रलाई संसारमा पठाउनुभयो ,ताकि उ त्यो स्वभावमा होस् जुन स्वभावमा उसले आज्ञा तोडेको थियो ,अनि त्यहि स्वभावमा उहांले आफनो दुख र मृत्युद्वारा पापको दण्डलाई आफुमाथी लिएर परमेश्वरको न्यायलाई सन्तुष्ट पार्न सकोस् ।

यसकारण परमेश्वरले हाम्रो पापलाई उहांमा हालिदिनु भयो ,अनि आफनो न्यायलाई आफनो पुत्रको विरुद्द प्रकट गर्नु भयो अनि आफनो परिपुर्ण प्रेममा हामी जो अपराधी र घृणित थियौ हामीलाई आफनो करुणा र भलाई हामीलाई दिनुभयो । हाम्रो लागि आफनो पुत्रलाई मृत्युमा लैजानुभयो अनि हाम्रो धार्मिकताको लागि उहांलाई मृतकबाट जिवित पार्नु भयो ,ताकि उहांद्वारा हामी अविनाशी अनि अनन्त जीवन प्राप्त गर्न सकोस् ।

## लेख २१

## हाम्रो एकमात्र महापुजाहारी येशुमसिहको हाम्रो निम्ती संतुष्टिकरण

हामी विश्वास गर्दछौं , मल्किसेदेकको स्वरुपमा येशु मसिह शपथको साथ अनन्तकालको लागि महापुजाहारी नियुक्त हुनुभएको छ ,अनि उहांले हाम्रो बदली

आफैलाई पिताको अघि प्रस्तुत गर्नुभयो ,ताकि उहांको कोधलाई सन्तुष्ट गरेर उहांलाई प्रसन्न गराउन सकोस् ।आफैलाई कुसमा कुसमा चढाएर आफनो रगत हाम्रो पापको निम्ती आफनो पवित्र रगत बगाएर जसरी भविष्यवक्ताहरुले पहिलेनै भनेका थिए । पवित्र धर्मशास्त्रमा यसरी लेखिएको छ, उहां हाम्रो पापको निम्ती घायल हुनुभयो , हाम्रो पापको निम्ती कुल्चिनु भयो , हाम्रो शान्तीको निम्ती उहांले दण्ड सहनु भयो उहांको कोर्राको चोटले हामी निको भयौं, उहांलाई भेडाको समान बलिको निम्ती लगियो , उहांको गन्ती अपराधीहरुसित भयो ,अनि पिलातस द्वारा अपराधी ठहराईनु भयो । यद्दपी पहिला उसले उहांलाई निर्दोष घोषित् गरको थियो । यसकारण उसले त्यो सबै ठिक पार्नु भयो जो उहांले बिगार्नु भएको थिएन , अनि अधर्मीको निम्ती धर्मीले दुःख सहनु भयो । उहांले आफनो शरिर र आत्मामा हाम्रो पापको भयानक दण्डको अनुभव गर्नु भयो र उहांको पसिना रगतको रुपमा जमिनमा खस्न लाग्यो ,उहांले पुकारेर भन्नु भयो मेरो परमेश्वर मेरो परमेश्वर तपाईंले मलाई किन त्याग्नुभयो , अनि यी सबथोक हाम्रो पापको प्रायश्चितको (छुटकारा) को निम्ती सहनु भयो ।

यसकारण हामी प्रेरित पावलसंगै भनदछौं कि हामी केहि पनि जान्दैनौं ,येशु मसिह जो कुसमा मारिनु भयो ,हामी हरेक थोकलाई हानि सम्झन्छौं अनि हाम्रो येशु मुसिहको उत्तम ज्ञानको अघि अस्विकार गर्दछौ । जसले हाम्रो दुखमा हरेक प्रकारले वास्ता राख्दछ ,यसकारण यो आवश्यक छैन कि हामीले अरु कुनै माध्यमद्दारा परमेश्वरसित मेलमिलाप गर्नको लागि खोजी गरौं अथवा बनाऔं, यसबाहेक उहांले त्यो बलिदान एक पटकको बलिदानले सबैलाई पवित्र सधैंको निम्ती पवित्र गराउनु भएको छ ,सधैंको निम्ती सिद्द गराउनु भएको छ ।यो पनि कारण हो कि परमेश्वरले स्वर्गदुत द्वारा उहांलाई येशु भन्नुभयो ,जसको अर्थ उद्दारकर्ता हो,किनकी उहांले आफना मानिसहरुलाई तिनीहरुको पापबाट छुटाउनु हुनेछ ।

## लेख २२

## येशु मसिह माथीको विश्वासद्दारा हामी धर्मी ठहराईनु

हामी विश्वास गर्दछौं , कि यो ठुलो रहस्यको सहि ज्ञानलाई बुझनको लागि पवित्रात्माले हाम्रो ह्दयमा सहि विश्वास जागृत गराउनु हुन्छ ।जसद्दारा हामी येशु मसिहलाई उहांको गुण, सत्यताको साथमा अपनाउदछौं अनि त्यसको अलावा केहि चाहदैनौं ।आवश्यकिय कुरा जसमा ध्यान दिनु पर्दछ या त यो उद्दारको लागि आवश्यकिय छ ,त्यो यशुमा छैन ,यदि सबै उहांमा छ भनि विश्वासमा अपनाउदछौं भने विश्वासमा ती सबै उपलब्ध हुदछ । यसकारण कसैले यो भन्दछ कि येशु पर्याप्त हुनुहुन्न उहां बाहेक पनि अरु पनि आवश्यक छ । यो अति भद्दा र निन्दनिय कुरा हो । यसको अर्थ यो हो कि येशु खिष्ट अधुरो उद्धारकर्ता हुनुहुन्छ ।

यसकारण पावल संगै हामी उचित रितीले भन्दछौं ,हामी विश्वास द्धारा धर्मि ठहराइएका छौ । विश्वासद्धारा कार्यहरुवाट होइन,तथापी यसलाई स्पष्ट बताउनको लागि हाम्रो तात्पर्य यो होइन कि विश्वासले आफै हामीलाई घर्मी बनाउद छ । यो त केवल एउटा माध्यम मात्रै हो । जसद्दारा हामी येशु हाम्रो धार्मिकतालाई अपनाउदछौं । येशु खिष्टले आफनो सबै गुण र पवित्र कार्य जो हामीहरुको बदली गर्नुभएको छ त्यो हामीलाई प्रदान गर्नुहुन्छ ।जो हाम्रो धार्मिकता हो । अनि विश्वास एक माध्यम हो ,जसले

हामीलाई उहां र उहांको सबै फाईदाहरु हाम्रो हुदछ भन्ने कुरालाई संगति राख्दछ ,जा हाम्रो पापबाट ठहराउनको लागि आवश्यकता भन्दा पनि बढि हुदछ ।

## लेख २३

## परमेश्वरको सामने हाम्रो धर्मिकण कुन कुरामा निहित हुदछ

हामी विश्वास गर्दछौं , हाम्रो उद्धार येशु मसिहको कारण हाम्रो पापको क्षमा (पश्चताप) मा निहीत छ , अनि त्यसमा हाम्रो धार्मिकता परमेश्वरको सामने हुदछ । जसरी दाउद र पावल सिकाउनु हुन्छ, यो मानिसको निम्ती आशिषीत छ ,कि परमेश्वरले आफनो धार्मिकता हामीलाई कार्यहरु बिना प्रदान गर्नु हुन्छ ,अनि पावल भन्दछ ,कि हामी उहांको अनुग्रहले धर्मि ठहराइएका छौं । त्यो छुटकारा द्वारा जो येशु मसिहमा छ ।

यसकारण हामी यो कुरालाई दृढतासाथ मान्दै परमेश्वरलाई सारा महिमा दिन्छौं । आफुले आफैलाई नम्र पार्दै , अनि आफनो कुनै कुरामा र कुनै गुणमा भरोषा नगरि आफनो वास्तविकतालाई स्वीकार गर्दछौं । केवल येशु खिष्ट जो कुसमा चढाइनु भयो उहाको आज्ञाकारिता जो विश्वासमा प्रदान हुदछ भन्ने कुरामा विश्वास गर्दछौं ।यसले हामो पाप ढाक्न र परमेश्वर सम्म पुगाउनमा हामीलाई दृढता दिनको लागि पर्याप्त छ ।जसले हामीलाई विवेकको डर र भयानकबाट स्वतन्त्र गराउदछ ।जुले हाम्रो पहिलो पिता आदमको उदाहरण गरेनन् जसले आफुले आफैलाशई अन्जीरको पातमा लुकाउने प्रयास गरे । अनि सत्यतामा यदि हामी आफु र अन्य कुनै प्राणीको योग्यताबाट परमेश्वरको सामन्ने थौरै समयको लागि पनि रहने प्रयास गर्दछौं भने हामी क्षण भन्दा पहिलेनै नष्ट हुन्छौ । यसैकारण सबैले दाउद संगै प्रार्थना गर्नु आवश्यक छल, यहोवा तपाई आफनो सेवकको न्यायमा प्रवेश नगर्नु होस् ,किनकी तपाईको दृष्टिमा जिवित कोहि पनि मानिस धर्मि छैन ।

## लेख २४

## मानिसको पवित्रीकरण र असल काम

हामी विश्वास गर्दछौं , कि मानिसमा साचो विश्वास परमेश्वरको वचन सुन्ने र पवित्रात्माको कार्यबाट पैदा हुदछ । जसले उसलाई नया बनाएर नयां मनुष्य उत्पन्न गराउछ । नयां जिवन जिउन मदत र पापको दासत्वबाट स्वतन्त्र गराउदछ । यसकारण यसमा कदापी सत्य छैन ,कि धर्मी ठहराउने खालको विश्वासले मानिसको धार्मिकताको कार्य अनि पवित्र जीवनमा अल्छी बनाउदछ ।जबकि यसबाहेक परमेश्वरको प्रेमले प्ररित भएर केहि पनि गर्न सक्दैन । तर आत्मप्रम र प्राण नास हुने डरले नै केहि गर्दछौ । यसकारण यो असम्भव छ कि यो पवित्र विश्वास मानिसको निम्ती अहितकार छ । हामी एउटा ब्यर्थ विश्वासको कुरा गर्दैनौं ,तर यस्तो विश्वासको जसलाई पवित्र शास्त्रमा प्रेमद्धारा कार्य गर्ने खालको विश्वास भनिएको छ ।जसले मानिसलाई असल कार्य जसको आज्ञा परमेश्वरले आफनो वचनमा दिनुभएको छ त्यो गर्नको लागि प्ररित गर्दछ ।

यो असल काम विश्वास द्धारा प्ररित भएर निस्कदछ , त्यो परमेश्वरको दृष्टिमा असल र स्विकार्य हुदछ ।त्यतिनै जति त्यो सब उहांको अनुग्रहले पवित्र पारेको छ तर पनि त्यो हाम्रो धर्मी ठहराइनुमा केहि कामको छैन , किनकी असल काम गरेर पहिले नै हामी विश्वासले धर्मी ठहराइएका छौं । अन्यथा त्यो काम असल हुन सक्दैन यो भन्दा बढी कि एक रुखको फल राम्रो छ ।

हामी यसकारण राम्रो काम गर्दैनौं कि यसबाट हामीलाई केहि लाभ होस् ,यति मात्र होईन असल काम गर्नको लागि हामी परमेश्वरको श्रृणि छौं न कि परमेश्वर हाम्रो ।यो त्यहि हो जसले कार्य आफनो खुशिको लागि गर्दछ । यसकारण आऔं जो वचनमा जे लेखिएको छ त्यसमा ध्यान दिउं , जस तिमी भन्दछौ त्यो सबै गर्दछौ जसको तिमीलाई ज्ञान दिइएको छ तब हामीले भन्नु पर्दछ हामी अयोग्य सेवक हौं, हामीले त्यहि गरयौ. जो हाम्रो कर्तब्य थियो ।तर हामी यो कुरालाई अस्विकार गर्दैनौ कि परमेश्वर असल कामको प्रतिफल दिनु हुन्छ ।तर यो उहांको अनुग्रह हो कि पुरस्कारको मुकुट प्रदान गर्नु हुन्छ ।

यद्दपी हामी असल कार्य गर्दछौ.,हामी तिनमा आफनो उद्दार पाउदैनौं हामी आफनो फोहोर शरिर जो दण्डको योग्य छ यसबाट असल कार्य गर्न सक्दैनौं ,अनि यदि हामी यस्तो  असल कार्य गरेको भएपनि तर पनि एउटै पाप पर्याप्त छ कि परमेश्वरले तिनलाई अस्विकार गर्नलाई । तब हामी सधै दुविधामा परिरहन्छौ अनि आफनो विवेकमा हामी सधै दुखी रहन्छौं यदि त्यो हाम्रो उद्दारकर्ताको यातना र मृत्युको विशेषतामा आश्रित भएनौ भने ।

## लेख २५

## संस्कारी(औपचारिक) ब्यवस्थाको समाप्ती

हामी विश्वास गर्दछौ व्यवस्थाको चिन्ह र संस्कार येशु मसिह आउनुभए पछि समाप्त भएको छ ,अनि सबै कुराहरु पुर्ण भएको छ ।यसकारण तिनको प्रयोग विश्वासीहरुमा समाप्त हुनु आवश्यक छ ,तर पनि तिनको सत्यता र सार येशु ख्रिष्टमा हामीसंग रहिरहन्छ ,जसमा तिनलाई परिपुर्णता मिल्दछ ।तर पनि हामी अहिले पनि ब्यवस्था र भविष्यवक्ताहरुको गवाही प्रयोग गर्दछौं ,ताकि सुसमाचारको सिद्दान्तमा निशचिन्त हुनसकोस् र आफनो जीवनलाई परमेश्वरको महिमाको लागि परमेश्वरको ईच्छा अनुसार बिताउन सकियोस् ।

## लेख २६

## येशु ख्रिष्टको मध्यस्थता

हामी विश्वास गर्दछौं ,कि धर्मी यशु मसिह ,जो हाम्रो बचाउने र वकिल हुनुहुन्छ उहां विना हामी परमेश्वर सम्म पुग्न सक्दैनौ ,येशु यसकारण मानिस बनाईनु भयो ,उहाले एक ब्यक्तिमा ईश्वरिय र मानविय गुणलाई संगठित गर्नु भयो , ताकि हामी मानिस

ईश्वरिय महिमामा प्रवेश गर्न सकियोस् ,अन्यथा हाम्रो लागि त्यहां पुग्नु असम्भव थियो । उहां बचाउने वाला जसलाई परमेश्वरले आफनो र हाम्रो बीचमा नियुक्त गर्नु भयो कुनै प्रकारले आफनो महिमा (गौरव ) ले हामीलाई भयभित पार्नु हुन्न ना त हामीलाई आफनो कल्पनाले दोश्रो कसैलाई खोज्नलाई भन्नु हुन्छ । स्वर्ग र पृथ्वीमा अरु कोहि छैन जसले हामीलाई येशु मसिह भन्दा धेरै माया गरोस् । जो परमेश्वर हुदा हुदै पनि उहांले आफैलाई सुन्य गराउनु भयो अनि मानिसको समान बन्नुभयो ,अनि हाम्रो लागि दासको रुप धारण गर्नुधयो अनि सबै कुरामा आफनो भाई जस्तै बनाइनुभयो । तव हामी किन अरु बचाउने वालाको खोजी गरौं ,जसको झुकाव हाम्रो पक्षमा छ ,को यस्तो छ जसले हामीलाई उहांले भन्दा धेरै प्रेम गर्नु हुन्छ ,जसले हाम्रो निम्ती जब हामी उहांको सत्रु थियौं ,हाम्रो निम्ती आफनो प्राण दिनुभयो ,अनि हामीले खोज्दा को यस्तो छ ।जस संग पवित्रता अनि सामर्थ्य छ जो परमेश्वरको दाहिने तर्फ बस्नुभएको छ अनि जसलाई स्वर्ग र पृथ्वीको सारा अधिकार दिनुभएको छ ।अनि जो परमेश्वरले आफनो पुत्रमा सुन्नु हुन्छ ।

यसकारण केवल अविश्वासको कारणले आदरको स्थानमा सन्तहरुको अनादरको रितीको सुरुवात गर्नुभयो जो अनावश्यक थियो , तर यसको विपरित आफनो कर्तब्यको अधिनमा धैर्यताको साथमा यसलाई स्वीकार गर्नु भयो । जसरी उहांको लेखनमा झलकिदछ । यो पनि होईन कि हामी आफनो अयोग्यताको निम्ती प्रार्थना गरौं, यसको अर्थ यो होइन कि हामीले आफनो प्रार्थना परमेश्वरलाई आफनो योग्यताको आधारमा प्रस्तुत गरोस्,तर यस प्रभु येशु मसिहको योग्यता अनि उत्तमताको आधारमा उहांको धार्मिकता हाम्रो हुदछ ।

यसकारण हामीबाट यो डर र अविश्वासलाई हटाउनको लागि प्रेरित सत्यनै भन्दछ कि येशु मसिह सबै थोकमा हामी समान बन्नुभयो , उहां करुणामय र विश्वास योग्य महापुजाहारी बनोस् र मानवको पापको प्रायश्चित गरोस् ।जसमा उहां स्वयम्ले परिक्षाको यातना सहनुभयो अनि यस योग्य हुनुहुन्छ कि जो परिक्षामा पर्दछ उसलाई सहायता गर्न सकोस् । अनि हामीलाई आफु कहां आउनको लागि उत्साहित गर्नलाई भन्नु हुन्छ ,जवकि हामीसित यस्तो महापुजाहारी हुनुहुन्छ जो स्वर्गमा हुनु हुन्छ येशु मसिह परमेश्वरको पुत्र ।यसकारण आउनोस् आफनो स्वीकारलाई दृढता साथ थामी रहौं । हाम्रो प्रधान पुजाहारी यस्तो हुनुहुन्न ,जसले हाम्रो कमजोरीको अनुभवलाई ख्याल नराखोस्,तर उहां हामी जस्तै जांचिनु भएको छ अनि तर पनि पाप रहित हुनुहुन्छ । यसकारण आऔं साहस साथ अनुग्रहको सिंहासनको सामन्ने जाऔं , ताकि हामी करुणा र आवश्यकताको समयमा मदतको लागि अनुग्रह प्राप्त गर्न सकौं ।प्रेरितको पुस्तकले भन्दछ जव हामीलाई येशु ख्रिष्टको रगतले हामीलाई पवित्र स्थानमा प्रवेस गर्ने साहस छ ,तव आओ हामी सांचो ह्दयले विश्वासमा उहांको नजिक जाऔं ।यसरी नै येशु ख्रिष्टको पुजाहारीपनको गुण अपरिवर्तनिय छ ,जसमा जो उहांद्वारा परमेश्वरको साथमा आउदछ उसलाई बचाउनलाईृ पुर्णतया सक्षम हुनुहुन्छ । यो कुरालाई बुझदै उहां सधैं तिनीहरुको निम्ती मध्यस्थता गर्नु हुन्छ । अनि के चाहियो ,जवकि येशु ख्रिष्ट स्वयम्ले भन्नु भयो बाटो सत्य र जीवन म नै हूं ,म बाहेक अरु कोही द्वारा पनि पीता कहां पुग्न सक्दैन । तव हामीलाई कुन उदेश्यको लागि दोश्रो वकिलको आवश्यकता छ ,जबकि परमेश्वरले आफनो पुत्रलाई नै आफनो पुत्रको रुपमा दिनु भएको छ ।आऔं हामी उहांलाई नत्यागौं ना त अरुलाई खोजौं अथवा एक पछि अर्कोलाई खोजी रहौं अनि

कहिल्यै पनि यसको योग्य बन्न नसकौला कि यसलाई प्राप्त गर्न सकियोस् ।परमेश्वर असल प्रकारले जान्नु हुन्थ्यो कि जब उहांले पुत्र दिनुभयो हामी पापीनै थियौं ।

यसकारण येशु खीष्टको आज्ञा अनुसार हामी एकमात्र उद्दारकर्ता द्वारा स्वर्गिय पितालाई पुकादछौं जसरी हामीले प्रभुको प्रार्थनामा सिकेका छौं र विश्वस्त रहद छौं, कि जे पनि हामीले पुत्रको नाममा मागेका छौं त्यो पुर्ण हुनेछ ।

# लेख २७

# विश्व ब्यापी विश्वासी मण्डली

हामी एक विश्वब्यापी मण्डलीमा विश्वास गर्दछौं र स्विकार गर्दछौं । जो सांचो मसिही विश्वासीहरुको पवित्र सभा हो । सबै आफनो मसिहमा आफनो उद्दारको आशा उहांको रगतद्दारा सफा र पवित्र भएर ,पवित्रात्मा द्धारा प्रमाणित गराइएको छ । यो मण्डली संसारको आरम्भ देखिनै छ र अन्त्य सम्मै रहनेछ । जो यस कुराबाट प्रकट हुदछ ,कि मसिह अनन्तकालिन् राजा हुनुहुन्छ । जो प्रजा विनाको हुन सक्दैन । अनि यो पवित्र मण्डलीले परमेश्वर द्धारा सारा संसारको उग्रताको विरुद्ध सुरक्षा र मदद प्राप्त गर्दछ । यद्दपी कति पटक केहि समयको लागि एकदमै छोटो महसुस हुदछ ।अनि मानिसको दृष्टिकोणमा केहि पनि छैन , जसरी आहाबको कुर शासनकालमा प्रभुले आफनो निम्ती सात हजार मानिसहरुको जसले बालदेवताहरुको अघि आफनो घुडा टेकेका थिएनन् तिनीहरुलाई सुरक्षित राख्नुभयो । अनि पवित्र मण्डली एक निश्चीत स्थान अथवा केहि मानिसहरुमा सिमीत छैन । तर पो पुरै संसारमा फैलिएको छ । अनि तर पनि एकै आत्मा अनि विश्वासको सामर्थ्य द्धारा ह्दय अनि ईच्छामा जाडिनुको साथै संगठित छ ।

# लेख २८

# सबै विश्वासीहरुको लागि यो आवश्यक छ कि आफु आफैलाई सांचो मण्डलीमा जोडनु

हामी यो विश्वास गर्दछौं , जबकि यो पवित्र सभा ती मानिसहरुको लागि हो ,जसले उद्धार पाएका छन् । अनि यो भुन्दा बाहिर उद्धार छैन । कोही पनि मानिस चाहे त्यो कहिको र जस्तो सुकै स्थितीको किन नहोस् उसले स्वयंलाई यसबाट अलग गर्नु हुदैन ,ना त उ आफैमा सन्तुष्ट हुन सक्दछ ,तर सबै मानिसको कर्तब्य हो कि उ यसमा जोडिएर संगठित हुनको लागि बाध्य छ ।मण्डलीको एकता बनाईरहनको लागि उहांको सिद्धान्त अनि अनुशासनको अधिनताको लागि येशु खिष्को जुवा मुनि आफनो गर्दन भ्कुकाउनको लागि अनि एउटै शरिरको सदस्यको रुपमा ,भाईहरुको बृद्धिको लागि,परमेश्वरले दिनु भएको गुण अनुसार सेवा गर्दै एकतामा रहौं । यसलाई अभ्क प्रभावशाली ढंगले पुरा गर्नको लागि परमेश्वरको वचन अनुसार यो सबै विश्वासीको

कर्तब्य हो कि तिनीहरुले आपफैलाई तिनीहरु जो मण्डलीमा छैनन् उनिहरुबाट अलग गरौं अनि आफुले आफैलाई यस सभामा जोडौ जहां

परमेश्वरले यसलाई स्थापित गर्नु भएको छ । त्यो समयमा पनि जुन समयमा न्यायधिश र राजाहरु आज्ञा पनि यसको विरुद्ध होस् , चाहे मृत्युको दुख अथवा शारिरीक दण्डनै सहन किन नपरोस् । यसकारण त्यो सब जसले यस (मण्डली) बाट अलग गर्छ अथवा सामेल हुदैन तिनीहरु परमेश्वरको नियमबाट बाहिर जान्छन् ।

# लेख २९

## साचो मण्डलीको चिन्ह,अनि यसको झटो मण्डली संग भिन्नता

हामी विश्वास गर्दछौं, कि हामीले बडो सतर्कता र सावधानी साथ परमेश्वरको वचनको आधारमा निर्णय गर्नु पर्दछ कि कुन चाहि साचो मण्डली हो । जबकी संसारको सबैं सम्प्रदायले आफैलाई मण्डली सम्झिदछ ,। तर हामी यहां देखाउनको लागि जो स्वार्थको लागि निर्माण गरिएको छ तर पनि मण्डली होइन ,यद्दपी बाहिरी स्वरुप यस्तो देखिदछ । तर हामी भन्दछौ साचो मण्डलीको स्वरुप अनि सहभागिता अन्य सबै सम्प्रदाय जसले आफैलाई मण्डली भन्दछ तिनीहरु भन्दा फरक हुन आवश्यक छ ।

ती चिन्हहरु जसले साचो मण्डलीको पहिचान हुदछ

यदि त्यसमा सुसमाचारको शुद्ध सिद्दान्त प्रचार गरिएको हुन्छ । यदि संस्कारहरुको प्रबन्ध जसरी येशुले गर्नु भएको छत्यसको अनुरुप हुन्छ । यदि मण्डलीको अनुशासनले पापलाई दण्डित गर्दछ ,छोटकरीमा सबै कुराहरु परमेश्वरको वचनको अनुसार हुदछ ।अनि जो वचनको विरुद्ध छ ,त्यसलाई अस्विकार गरिन्छ । अनि येशु मसिहलाई मण्डलीको सिरको रुपमा मानिन्छ ।यसकारण सांचो मण्डलीलाई पुर्ण निश्चयताको साथमा जान्नु आवश्यक छ ।जसबाट अलग हुने अधिकार कुनै मानिस (विश्वासी) लाई छैन ।

तिनीहरु जो मण्डलीको सदस्य हुन् उसलाई खिष्टको चिन्हले जान्न सकिन्छ ।विशेष गरिकन विश्वासमा जब येशु मसिहलाई एक मात्र उद्दारकर्ता मानि लिदछ ।तिनीहरुले पापलाई छोडेर धार्मिकतामा बढ्दै सांचो परमेश्वर र आफनो छिमेकिलाई प्रेम गर्दछ । विश्वासबाट अलग हुदैनन् ,अनि आफनो कार्य शरिर ,पापलाई कूसमा चढाउदछ ।यसको मतलव यो होईन कि यिनमा कुनै कमजोरी हुदैन ,तर तिनीहरु यसको विरुद्ध आत्माको सामर्थ्यमा पुर्ण जीवन संघर्ष गर्दछन् ।अनि हाम्रो येशु मसिहको रगत ,मृत्यु यातना अनि आज्ञाकारितामा सहारा लिदछ ,जसमा उनिहरुलाई त्यो विश्वासद्धारा पापबाट छुटकारा प्राप्त भएको छ ।

मण्डली वचन भन्दा ज्यादा सामर्थ्य अनि अधिकार आफनो नियमलाई दिदछ । अनि आफुले आफैलाई खिष्टको जुवाको अधिनमा रहदैन ।ना त संस्कारहरु जसरी वचनमा खिष्टले ठहराउनु भएको अनुसार प्रबन्ध गर्दछन् ।अनि आफनो सुविधा अनुसार यसमा कम् ज्यादा गर्दछन् । यिनीहरुले मसिह भन्दा धेरै मानिसमा आश्रित हुदछ । अनि उहांलाई सताउदछ ,जो परमेश्वरको वचन अनुसार पवित्र जीवन जीउदछ अनि मण्डलीलाई उसको गल्ती अनि मुर्ति पुजाको लागि प्रताडित गर्दछन् । यी दुई मण्डली सजिलो सीत चिन्न र एक अर्कासित अलग गराईने छ ।

# लेख ३०

## मण्डलीको शासन अनि यसको कार्य (पद)

हामी विश्वास गर्दछौं ,कि सांचो मण्डली , आतमिक ब्यवस्था (नियम) द्धारा जो प्रभुले आफनो वचनमा सिकाउनु भएको छ त्यहि द्धारा संचालित हुनु आवश्यक छ । विशेष गरि त्यसमा सेवक अथवा पादरी हुनु आवश्यक छ ,जसले परमेश्वरको वचन अनि संस्कारहरुको प्रबन्ध गर्न सकोस् , अनि प्राचिन र धर्म सेवक जसले पादरीको साथमा मण्डलीको समितीको गठन गर्न सकोस् ,ताकि यसद्धारा सांचो धर्म सुरक्षित हुनसकोस् । अनि सत्य सिद्धान्त ,शिक्षा सबै ठाउमा प्रचारित हुन सकोस् , यसलाई तोड्ने वाला दण्डित हुनसकोस् ,अनि आत्मिक माध्यमबाट वंचित हुन सकोस् । अनि गरिब र प्रताडितलाई सहारा अनि तसल्ली उनिहरुको आवश्यकता अनुसार दिन सकियोस् ,यसप्रकारले सबै मण्डलीमा असल प्रकारले गरिन्छ जब विश्वास योग्य मानिस यी नियम अनुसार चुनिदछ, जसलाई पावलले तिमोथीको पत्रमा लेखेका छन् ।

# लेख ३१

## सेवक प्राचिन अनि धर्म सेवक

हामी विश्वास गर्दछौं कि परमेश्वरको वचनको सेवक , प्राचिन अनि धर्म सेवक उनिहरुको पदको लागि मण्डली द्धारा उचित चुनाव गरेर प्रभुको नाम लिदै जसरी परमेश्वरको वचनले सिकाउदछ ,त्यसको अनुसार तिनीहरुलाई चुन्नु आवश्यक छ ।यसकारण हरेक कुराको ध्यान राख्नु कि तिनले आफैलाई अनुचित साधन यसमा सामिल नगरोस् । तर तब सम्म प्रतिक्षा गर्नू जब सम्म परमेश्वरले उसलाई बोलाउनु हुन्न । ताकि उसित उसको गवाहिको बोलावटको गवाहि होस् अनि निश्चयताको आश्वासन उ सित होस्,कि यो परमे्श्वरबाटको हो । परमेश्वरको वचको सेवकसंग समानतामा सामर्थ्य अनि अधिकार छ ,चाहे उ जहां भए पनि । ती सबै ख्रिष्ट जो एकमात्र विश्वब्यापी अध्यक्ष अनि मण्डलीको शिर हुनुहुन्छ ,उहांको सेवक हौं ।

तर पनि परमेश्वरको पवित्र नियम तोड्यो अथवा यसको अवहेलना नहोस् हामी भन्दछौं । सबै विश्वासीहरुलाई परमेश्वरको वचनको सेवक र प्राचिनको उनको कार्यको लागि उच्च स्थान अनि सम्मान दिनु पर्दछ ।अनि उनिहरु संग बिना कुडकुडाहट ,कलह ,विवादलाई जति पनि सम्भव छ शान्तीले रहनु पर्दछ ।

# लेख ३२

## मण्डलीको अनुशासन अनि ब्यवस्था

हामी यसकुरामा विश्वास गर्दछौं , यद्दपी यो लाभकारी र असल छ, कि जो मण्डलीको अधिकारी हो अनि केहि नियम मण्डलीको ब्यवस्थालाई बनाई राख्नको को लागि स्वयं बनाउदछ । तर पनि तिनलाई वचनको अध्ययन गर्दै यस कुराको ध्यान राख्न पर्दछ कि ति कुराहरुको अनदेखा र अलग नगरोस् ,जो येशु खिष्टले स्थापित वा नियुक्त गरिएको छ । अनि यसकारण हामी मनुष्यद्धारा रचिएको सबै ब्यवस्था जो मानिस परमेश्वरको आराधनाको लागि बताउदछ ती असविकार गर्दछौं । यसकारण हामी केवल ती कुरा जो पोषण मेल अनि एकताको सुरक्षित राख्दछ , अनि सबै मानिसले परमेश्वरको आज्ञा मान्नको लागि भ्नदछ स्वीकार गर्दछौं । यस उदेश्यको लागि वहिष्कार गर्नु अनि मण्डलीको लागि अनुशासन आवश्यक हुदछ , जो परमेश्वरको वचन अनुसार सबै यसमा सामेल छ ।

## लेख ३३

## संस्कार

हामी यस कुरामा विश्वास गर्दछौं, कि अनुग्रहकारी परमेश्वरले हाम्रो कमजोरी अनि पापलाई जानेर संस्कारहरुलाई हाम्रो निम्ती नियुक्त गर्नु भएको छ । जसले उहांले आफनो वाचाहरु , भलाई र अनुग्रहलाई हाम्रो लागि प्रतिज्ञा गर्नु हुन्छ ।अनि यसले हाम्रो विश्वासलाई पोषण र दृढता प्रदान गर्दछ । जसलाई उहांले सुसमाचारको वचन द्धारा जोड्नु भएको छ ।ताकि हामीले आफनो विवेकमा उहांलाई असल प्रकारले जो उहांले हामीलाई वचनमा घोषणा गर्नुभएको छ अनि हाम्रो ह्दयमा काम गर्दछ त्सलाई बुझ्न सकौं जसले उहांले उद्धारको जो हामीलाई दिनुभएको हो त्यसबाट पुष्टि गर्दछ । त्यो सदृश्य चिन्ह अनि प्रमाण हो,आन्तरिक अनि अदृश्य कुराहरु जसलाई परमेश्वर आफनो पवित्रात्मा को सामर्थ्यद्धारा हामीमा कार्य गर्दछ । यसकारण चिन्ह अर्थहिन अर्थहिन छैन कि हामीलाई धोका दियोस् , येशु मसिह सांचो पात्र हुनुहुन्छ , जो त्यसमा उपस्थित हुदछ, जसको विना उहांको मुल्य छैन ।

हामी संस्कार जो येशुले नियुक्त गर्नु भयो दुई वटा मात्र छ , वप्तिस्मा अनि प्रभुभोजको संस्कार ।

## लेख ३४

## पवित्र वप्तिस्मा

हामी बिश्वास गर्दछौं ?येशु मसिह जो ब्यवस्थाको अन्त हुनुहुन्छ ।उहांले आफनो रगत बगाएर अन्य सबै रगत बगाउनको लागि जो मानिसको आफनो पापको लागि बगायो तीनलाई समाप्त गर्नु भयो । अनि उहाँले खतना जो रगतले हुदछ, त्यसको स्थानमा बप्तिस्माको संस्कारलाई प्रारम्भ गर्नु भयो ।जसले हामी सबै मानिसबाट र अनुचित धर्मबाट अलग भएर परमेश्वरको मण्डलीमा सामेल हुदछ । ताकि हामी पुर्ण रुपले

उहांको हुन सकोस् । जसको चिन्ह हामी आफुमा लिदछौं , जो यस कुराको गवाही हो कि उहांले सधै हाम्रो अनुग्रहकारी परमश्वर र पिता हुनुहुन्छ । यसकारण त्यो सबै थोक जो उहांको हो ,आज्ञा दिनुभएको छ कि शुद्ध पानीले पिता र पुत्र र पवित्रात्माको नाममा बप्तिष्मा लेऔ,जो यस कुराको प्रतिक हो । जसरी पानी पानीले शरिरको फोहोरलाई धुन्छ ,जब माथी हालिन्छ अनि बप्तिस्मा लिनेवालाको शरिरमा देखिन्छ । जब यसलाई छिड्काइन्छ । यसैप्रकारले पवित्रात्माको सामर्थ्यले मसिहको रगत आत्मामा छर्किइन्छ , त्यसले पापबाट शुद्ध पार्दछ । अनि हामीलाई कोधको सन्तानबाट बदलेर परमेश्वरको सन्तान बनाउदछ ।यस्तो बाहिरी पानीको प्रभावबाट हुदैन , तर परमेश्वरको पुत्रको बहुमुल्य रगतको छर्कनुबाट हुदछ । जो हाम्रो लाल समुन्द्र हो । जसबाट हामीलाई जानु आवश्यक छ ,जसरी फारो राजा को कुरता जो हो र त्यसबाट बच्न सकोस् । अनि आतमिक कनानमा प्रबेश गर्न सकियोस् ।

यसकारण सेवकले संस्कारको प्रबन्ध गर्दछ , जो कि सदृष्य हो । तर हाम्रो प्रभुले त्यो दिनुहुन्छ । जो संस्कारको प्रतिक हो , त्यसको गुण र अदृश्य अनुग्रहले हाम्रो आत्मालाई अधार्मिकताको गन्धकीबाट धोएर सफा र शुद्ध पार्नू हुन्छ । अनि हाम्रो ह्दयलाई नयां बनाउदछ र सबै तसल्लीले भर्नु हुन्छ । हामीलाई उहांको धलाईको सांचो आश्वासन दिदछ , अनि हाम्रो पुरानो मनुष्यता अनि त्यसको कार्यलाई समाप्त गरेर हामीलाई नयाँ मनुष्यता प्रदान गर्दछ ।यसकारण हामी विश्वास गर्दछौं हर एक मानिस जसले सत्यतामा अनन्त जीवन पाएका छन् ,बप्तिष्मा अवश्य लिनु पर्दछ । अनि यसलाई कहिले पनि दोहोराउन हुदैन , किनकी हामी दुई पटक जन्म लिन सक्दैनौं । यस बप्तिष्माको फाइदाको लाभ केवल त्यहि समयमा मात्रै हुदैन जब पानीको छिट्काउ हुदछ तर पुरै जीवनकालमा यसको महत्व हुदछ ।

यसकारण हामी **Anabaptist** को गलत शिक्षालाई घृणित मान्दछौं । जो एक बप्तिष्मामा जसलाई उहाँले लिनुभयो त्यसमा सन्तुष्ट हुदैन अनि विश्वासीहरुको बालकको बप्तिष्मालाई गलत मान्दछ । जो हामी विश्वास गर्दछौ र मान्दछौं । कि उनिहरुलाई बप्तिष्मा अनि वाचाको चिन्हको प्रमाण दिनु पर्दछ, जसरी पहिला इस्राएलमा बच्चाको खतना त्यहि प्रतिज्ञाको अनुरुप हुदथ्यो । अनि येशुले आफनो रगतलाई जति ठुलो मानिसको निम्ती त्यतिनै विश्वासीहरुको बालकको लागि पनि बगाउनु भयो । यसकारण जो मसिहले उनिहरुको लागि गर्नू भयो त्यसको चिन्ह र संस्कार तिनीहरुलाई दिनु आवश्यक छ । जसरी व्यवस्थामा परमेश्वरले आज्ञा दिनुभयो कि जन्मको केहि समय पछि तिनीहरुलाई खिष्टको दुख अनि मृत्युको संस्कारमा एक भेडालाई दिने कुराले जो येशु मसिहको संस्कार थियो त्यसमा सामेल गर्नूपर्दछ । अनि जो खतना यहुदिहरुको लागि थियो त्यहि बप्तिष्मा हाम्रो बप्तिष्मा हाम्रो बालकको लागि हो । यहि कारणले पावल बप्तिष्मालाई मसिहको खतना भन्दछन् ।

## लेख ३५

## प्रभु येशु मसिहको पवित्र भोज

हामी विश्वास अनि अंगिकार गर्दछौं , कि हाम्रो उद्धारकर्ता व्रभु येशु मसिहले पवित्र भोजको संस्कार लाई नियुक्त अनि प्रारम्भ गर्नूभयो ताकि उहांले त्यसलाई नया पारेर

आफनो परिवार जो कि मण्डली हो जसमा सामेल गर्नुभएको छ । ताकि तिनीहरुलाई पोषण अनि सहायता प्रदान गर्नसकोस् । अब तिनीहरुले नयाँ जन्म पाएका छन् तिनीहरुमा दुई वटा जीवन छ , एउटा संसारिक अनि अस्थायी जसलाई तिनीहरुलाई पहिलो जन्मबाट पाएका हुन् , जो सबै मानिसमा सामान्य हो । अनि दोश्रो आत्मिक अनि स्वर्गिय जीवन जो उनिहरुलाई दोश्रो जन्मबाट जो कि सुसमाचारको बचनद्धारा मसिहको संगतिमा आउदा प्राप्त हुदछ । अनि यो आत्मिक जीवन सामान्य होइन। तर परमेश्वरले चुन्नुभएकोहरुको लागि हो । त्यसैप्रकारले परमेश्वरले शारिरीक अनि संसारिक जीवनको लागि सामान्य रोटी जो आवश्यक छ अनि यो सबै मानिसको लागि सामान्य हो । तर विश्वासीहरुको आत्मिक र स्वर्गिय जीवनको लागि उहांले जीवनको रोटीलाई स्वर्गबाट पठाउनु भयो जो येशु मसिह हुनुहुन्छ । जो विश्वासीहरुको आत्मिक जीवनलाई पोषित अनि ताकत दिदछ, जब उसले यो खादछ । जसको अर्थ यो हो कि त्यसलाई विश्वासले आत्मामा स्विकार गर्दछ । यसको लागि कि उहा हाम्रो लागि आर्तमिक र स्वर्गिय रोटीलाई प्रस्तुत गर्न सकोस् ,येशुले आफनो शरिरको संस्कारको लागि संसारिक अनि सदृष्य रोटी अनि दाखरसलाई आफनो रगतको संस्कारको लागि नियुक्त गर्नुभयो ताकि त्यसमा हामीलाई निश्चयता होस् , जसरी हामी यस संस्कारमा आफनो हातमा समाउदछौ अनि आफनो मुखमा खादछ र पिउदछ । जसद्धारा हाम्रो जीवन पोषण हुदछ । त्यहि निश्चयताको साथमा हामी विश्वासमा (जो हाम्रो आर्तमिक हात र मुख हो) हाम्रो एकमात्र उद्धारकर्ताको साचो शरिर अनि रगतलाई आफनो आत्मिक जीवनको बृद्धिको लागि आफनो आत्मामा स्विकार गर्दछौं ।जसरी यो निश्चित र हरेक शंका (दुविधा) बाट टाढा छ । येशु मसिहले आफनो संस्कारको प्रयोगको आज्ञा हामीलाई ब्यर्थमा दिनुभएको होइन । यसकारण उहाँ हामीमा त्यो सब गर्नूहुन्छ जो यस पवित्र चिन्हद्धारा प्रस्तुत हुदछ । यद्दपी यो हाम्रो समझ भन्दा पर छ ,अनि हामी यसलाई बुझ्न सक्दैनौं , किनकी पवित्रात्माको कार्य लकिएको र हाम्रो समझ भन्दा बाहिर छ । यसकारण हामी केहि गल्ती गर्दैनौं जब हामी भन्दछौं कि जो हामीले खाएकाछौं र पिएकाछौं त्यो मसिहको स्वभाविक रगत अनि शरिर हो ।तर जसरी यसमा हामी सामेल हुन्छौं । त्यो मुखबाट होइन तर आत्माले विश्वास द्धारा । यद्दपी खिष्ट स्वर्गमा सधैं आफनो पिताको दाहिने हात पट्टी बस्नु भएको छ ।फेरि उहाँले हामीलाई विश्वास द्धारा आफनो साथमा सामेल गर्न समाप्त गर्दैनन । यो पर्व एक आत्मिक मेच हो । जसले मसिह आफुले आफैलाई अनि आफनो सबै फाइदा हामीलाई दिनु हुन्छ अनि हाम्रो आनन्दको लागि आफुले आफैलाई अनि आफनो दुखहरु र मृत्युको गुणहरु हामीलाई दिनु हुन्छ ।अनि हाम्रो अशान्त आत्मालाई उहाँको शरिरमा खानाले पोषण ,शक्ति अनि तसल्ली दिनुहुन्छ । अनि उहाँको रगत पिउनाले हामी उत्साहित अनि तरोताजा गर्दछ ।

यद्दपी संस्कार यस संग जोडिएको कुराको प्रतिक हो । तर पनि यो सबै मानिस द्धारा स्वीकार गर्न सकिदैन । अधर्मी यसलाई आफुमाथी दोष ल्याउनको लागि स्वीकार गर्दछ । तर संस्कारको सत्यतालाई ग्रहण गर्दैन जसरी यहुदा र जादु टुना गर्नेवाला साइमन , दुबैले संस्कार ग्रहण गरे तर येशु मसिह जो यसको प्रतिक हो उहांलाई ग्रहण गरेन । जसमा केवल विश्वसी सामेल गरिन्छ ।अन्तिम कुरा हामी यस संस्कारलाई परमेश्वरको मानिसहरुको सभामा दिनता ,आदरमा हाम्रो उद्धारकर्ता येशुको मृतयुलाई सम्झना गर्दै ,धन्यबादको साथमा आफनो विश्वास र खिष्टलाई स्विकार गर्दै यसलाई ग्रहण गर्दछौं । यसकारण कसैले आफैलाई नजाँचीकन यस मेचबाट खायो वा कचौराबाट पियौ भने ,त्यसले आफनो लागि न्यायलाई खादछ वा पिउदछ । एक शब्दमा हामी यस संस्कारमा सामिल भएर परमेश्वर र आफनो

छिमेकीसंग उत्साही प्रेममा अघि बढदछौं । यसकारण हामी मानिस द्वारा रचिएको सबै मिश्रणलाई जो यस संस्कारमा जाडिएको छ त्यसलाई अस्विकार गर्दछौं अनि दृढतासाथ जसरी येशु ख्रिष्ट र उहाँको प्रेरितहरुले सिकाउनु भएको त्यसमा सन्तुष्ट हुदछौं । अनि यसको बिषयमा जस्तो येशुले र चेलाहरुले भन्नुभएको छ , हामी गर्दछौं ।

## लेख ३६

## न्याय सम्बन्धि कुराहरु ( नागरिक शासन)

हामी विश्वास गर्दछौं मानिसको पतनको कारण परमेश्वरले राजा , अधिकारी अनि न्यायधिस नियुक्त गर्नुभएको छ । ताकि संसारमा शासन ,निश्चित ब्यवस्था अनि नियमहरुबाट हुनसक्छ कि मानिसको दुराचार (खराब कुरा) रोक्न सकियोस् अनि उनिहरुबीच सबै थोक राम्रो नियम अनि शिष्टाचार होस् । यस उद्देश्यको लागि उहाँले न्यायलय लाई खराब गर्नेवालालाई दण्ड र भलो मानिसहरुको सुरक्षाको लागि अधिकार (तरवार) दिनुभएको छ ।

उहाँको कार्य केवल नागरिक राज्यको खुशि अनि सम्पन्नताको ख्याल राख्नको लागि मात्रै होइन । पवित्र सेवाको सुरक्षा पनि हो ताकि ख्रिष्टको राज्य फैलिन सकोस् यसकारण तिनीहरुलाई सुसमाचारको वचनको प्रचारमा सामर्थ्य पनि दिदछा, जसरी परमेश्वरले आफनो बचनमा आज्ञा दिनुभएको छ त्यसको आदर अनि आराधना सबै गर्न सकौं ।

तर पनि यो हरेक मानिस चाहे त्यो जहाँको सुकै होस् र जस्तो सुकै योग्यताको र स्थितीको होस् । उसको कर्तब्य हो कि उनिहरु न्यायधिशको अधिनमा रहोस् अनि कृतज्ञाको लागि उनिहरुलाई सम्मान अनि आदर गरोस् , अनि हरेक कुरा जो वचनको बिरुद्धमा छैन तिनीहरुको आज्ञा मानोस् । अनि तिनीहरुको निम्ती प्रार्थना गरोस् ताकि परमेश्वरले उनिहरुलाई हरेक कार्यमा अगुवाई गरोस् ,ताकि हामी सबै भलाईको साथ शान्तीको जीवन जीउन सकोस् ।

यसकारण हामी ती सबै मानिसहरुलाई घृणा गर्दछौं जो न्यायधिसहरु र उच्च अधिकारीहरुको अवहेलना गर्दछ ।अनि न्यायलाई मान्दैनन् अनि शिष्टाचार र भलो नियममा गडबडी उत्पन्न गर्दछ , जो परमेश्वरले मानिसको बीचमा स्थापित गर्नुभएको छ ।

# लेख ३७

# अन्तिम न्याय

अन्ततः हामी परमेश्वरको बचनको अनुसार विश्वास गर्दछौं कि जब प्रभु द्धारा ठहराईएको (नियुक्त) (जो सबै मानिसहरुको निम्ती अनजान छ)समय आउनेछ र चुनिएकाहरुको संख्या पुरा हनेछ । हाम्रा प्रभु येशु मसिह स्वर्गबाट शारिरीक अनि सदृष्य जस्तो जस्तो उहाँ स्वर्गमा चढिजानु भएको थियो त्यसरीनै ठुलो महिमा अनि गौरवको साथमा आफैलाई जिवीत र मृतकहरुको न्यायधिश घोषणा गर्दै यस संसारलाई आगो र लपटाद्धारा शुद्ध पार्नलाई आउनु हुनेछ ।

पुरुष ,स्त्री अनि बालकहरु जो जगतको उत्पत्ती देखि लिएर अन्त सम्म भएको छ ,यस महान् न्यायधिशको अघि उपस्थित हुनेछन् , तिनलाई प्रधान स्वर्गदुतको अनि परमेश्वरको तुरहीको आवाजद्धारा एकत्र गरिनेछ ।सबै मृतक पृथ्वीबाट जिईउठाइने छ अनि तिनीहरुको आत्मा तिनीहरुको शरिरमा जुट्नेछन् अनि जो जीवित छन् तिनीहरु पनि अन्य समान मर्नेछैनन् तर एक निमेषमानै नासवान् बाट अबिनाशी अवस्थामा परिवर्तन हुनेछन् । तब पुस्तक(जसले विवेक भन्छ) खोलिने छ अनि मृतकहरुको जसले असल या खराब संसारमा गरेका छन् तिनको अनुसार उनिहरुको न्याय हुनेछ । तब हरेक मानिस हरेक एक शब्द जो उनिहरुले बोलेका छन् जसलाई संसारले मनोरंजन र मजाक सम्झेको छ तिनको हिसाब दिनेछन् , अनि फेरी मानिसको गुप्त कुरा ,काम अनि देखाएको सबै मानिसको सामने प्रकट हुनेछ ।

यसकारण खराब र अधर्मिहरुको लागि यो न्याय डरलाग्दो  भयानक हुनेछ । तर चुनिएको र धमीहरुको लागि चाहराख्ने योग्य अनि तसल्ली दिनेवाला हुनेछ । किनकी त्यस समयमा उनिहरुको पुर्ण छुटकारा सिद्ध हुनेछ , अनि तब तिनीहरुले आफनो परिश्रम अनि दुखको प्रतिफल पाउनेछन् । उनिहरुको निर्दोषता सबै मानिसहरुको सामुन्ने प्रकट हुनेछ अनि तिनीहरु परमेश्वरको कोध र बदलालाई अधर्मिमा देख्नेछन् जसले तिनीहरुलाई संसारमा अति कुरताले सताएका र पीडा दिएका थिए । तिनीहरु आफनो विवेकको गवाहीद्धारा दोषी ठहरिनेछन् अनि त्यो आगोमा पिडा सहनको लागि अविनाशी बनाइने छन् ।

तर विश्वास योग्य र चुनिएकाहरुको महिमा अनि सम्मानको मुकुट पहिराउने छ , अनि परमेश्वरको पुत्र आफनो पिता परमेश्वर अनि उहाँको चुनिएका स्वर्गदुतहरुको सामुन्ने उनिहरुको नाम पुकारिने छ । उनिहरुको आँखाबाट सबै आँशु पुछिनेछ ,अनि अनि तिनीहरुलाई जसलाई अहिहले कयौ न्यायधिशले दुष्ट अनि अधर्मी भनेर दोष लगाउदछन् ।तिनीहरु अब परमेश्वरको पुत्र हुनेछन् ,अनि एक अनुग्रहकारी पुरस्कारको लागि प्रभुले तिनीहरुलाई यस्तो महिमाले सुशोभित गर्नु हुन्छ जसको कहिल्यै मानिसको ह्दयमा कल्पना पनि गरिएको थिएन ।

यसकारण हामी त्यो महान् दिनको प्रतिक्षा बडो उत्साहसित गर्दछौं, कि हाम्रो मसिह येशु हाम्रो प्रभुमा परमेश्वरको बाचाहरुको पुर्णतामा आनन्द मनाउन सकियोस् ।